# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

अर्थ मन्त्रालयका सचिव श्री कर्णध्वज अधिकारी विश्व बैङ्कसम्बन्धी काममा संयुक्त राज्य अमेरिका र सहयोग प्राप्त गर्ने सम्बन्धी कुरा गर्न संघीय गणतन्त्र जर्मनी-तर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका विशेष अधिकृत श्री लोकबहादुर श्रेष्ठलाई मिति २०४२।२।२७ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल राष्ट्र बैङ्क ऐन, २०१२ को दफा ६ (४) ले दिएको अधिकार प्रयोग गरी २०४१।२।२८ मा नियुक्ति हुनुभएका गभर्नर श्री कल्याणविक्रम अधिकारी बर्खास्त हुनु भई रिक्त हुनआएको नेपाल राष्ट्र बैङ्कको गभर्नरको पदमा बाँकी अवधिको लागि सोही बैङ्कका विशिष्ट श्रेणीका अधिकृत श्री गणेशबहादुर थापालाई मिति २०४१।१२।९ देखि नियुक्ति गरेको छ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको का.मु.सचिव

## भूलसुधार

खण्ड ३५, मिति २०४२।१।२२, अतिरिक्ताङ्क ४ (ग) को नेपाल राजपत्र भाग ४ मा प्रकाशित सम्माननीय सञ्चार तथा स्वास्थ्य मन्त्री श्री रुद्रप्रसाद गिरीको कार्यभार सम्हाल्ने बारेको यस सचिवालयको सूचनामा "स्वीट्जरलैण्डको जेनेभामा" हुनुपर्नेमा "स्वीट्जरलैण्डको राजधानी जेनेभामा" हुनगएकोले भूलसुधार गरिएको छ।

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबार



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१८८